मिति २०७३ साल बैशाख ६ गते स्थानीय विकास अधिकारी उदय बहादुर रानामगरको अध्यक्षतामा जिल्ला विकास समिति, तनहुँको बोर्ड बैठक बसी देहाय बमाजिमको निर्णय गरियो

**निर्णय नं. १**

जिल्ला विकास समितिको कार्यालय, तनहुँ र भारतीय दुतावास, काठमाण्डौं बिच भएको समझदारी अनुसार दिपक मा.वि. गजरकोटको भवन निर्माण तथा फर्निचर / कम्प्युटर खरिद कार्यका लागि तयार भएको रु. ३,०१,६९,३८६।७२ (मु.अ.कर र कन्टेन्जेन्सी) सहितको लागत अनुमान र बोलपत्र सम्बन्धी कागजात स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४७(घ) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

आँबुखैरेनी न.पा. वडा नं. ६ मा मर्स्याङ्गदी नदीले लगातार रुपमा कटान गरेको तथा उक्त कटान रोकथामका लागि जि.वि.स.बाट नियमित रुपमा बजेट विनियोजन हुँदै आएकोमा उक्त पैह्रो नियन्त्रण कार्यका लागि रकम माग भै आएकोले ***जि.वि.स. कोष पुजिंगत शिर्षकबाट*** स्वीकृत ल.इ. बमोजिमको काम सम्पन्न गर्नको लागि आवश्यक पर्ने रकम मध्ये जि.वि.स.ले रु. १,००,०००।- (एक लाख) र बाँकी काम स्थानीय उपभोक्ता समितिबाट गर्ने गरि रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

आ.व. २०७२/०७३ का लागि स्थानीय सडक पुल कार्यक्रम अन्तरगत स्वीकृत मोटरेवल पुल निर्माण कार्यका लागि मिति २०७२/१०/११ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान भै बोलपत्र मुल्याङ्कन समितिको सिफारिस अनुसार तथा सो अनुसारको आशयको सूचना मिति २०७२/१२/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित गरिएकोमा तोकिएको म्याद भित्र कुनै पनि बोलपत्रदाताले निवेदन नगरेको हुँदा तपसील बमोजिमको बोलपत्र स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ को नियम ४८ को उपनियम घ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | कामको विवरण /ठेक्का नं. | सिफारिस गरिएको फर्म | कबोल अङ्क (मु.अ.कर सहित) रु. |
|---|---|---|---|
| १ | चुँदीखोला पुल, टुहुरेपसल निर्माण कार्य ठे.नं DDC/TAN/LRBP/ 04/2072/073 | नयाँबाटो मना जेभी, दमौली, तनहुँ | २,८७,८५,७२६।१ |
| २ | चुँदीखोला पुल, सेपाबगैंचा निर्माण कार्य ठे.नं DDC/TAN/LRBP/05/2072/073 | इन्द्रेणी निर्माण सेवा, पोखरा कास्की | २,६५,०१,६१४।९२ |
| ३ | बुल्दीखोला पुल, व्यास न.पा., निर्माण कार्य ठे.नं DDC/TAN/LRBP/06/2072/073 | सुर्य एण्ड सन्स प्रा.लि. घरान, सुनसरी | २,६३,६९,८६८।९४ |
| ४ | गुणादीखोला पुल, जामुने निर्माण कार्य ठे.नं DDC/TAN/LRBP/07/2072/073 | हिमदुङ्ग एण्ड थोकर/सि.एम. जेमी. दमौली, तनहुँ | २,५३,८८,९२१।३० |

मिति २०७३ साल जेठ १३ गते स्थानीय विकास अधिकारी उदय बहादुर रानामगरको अध्यक्षतामा जिल्ला विकास समिति, तनहुँको बोर्ड बैठक बसी देहाय बमाजिमको निर्णय गरियो ।

**निर्णय नं. १**

आ.व. २०७२/०७३ का लागि स्थानीय सडक पुल कार्यक्रम (LRBP) अन्तरगत स्वीकृत गरिएका देहाय बमोजिमका मोटरेवल पुलहरुको सर्भे, डिजाइन तथा लागत अनुमान समेत तयार भएको हुँदा उक्त पुलहरुको लागत अनुमान र विड डकुमेण्ट स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ को नियम ४७(घ) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | पुलको नाम र सडक | लागत अनुमान (मु.अ.कर र कन्टेन्जेन्सी सहित) रु. |
|---|---|---|
| १ | बुल्दीखोला पुल, व्यास १ र ११ | ३,३१,३३४९०।११ |
| २ | बडहरेखोला पुल, गजरकोट गा.वि.स. | १,९९,८९,०१०।२६ |

**निर्णय नं. २**

आ.व. २०७२/०७३ अन्तरगत लक्षित वर्ग विकास कार्यक्रम अन्तरगत (अपाङ्ग) जि.वि.स. अनुदान तथा आन्तरिक कोष तर्फका कार्यक्रम संचालनको लागि स्वीकृत ल.ई बमोजिमको काम सम्पन्न गर्नको लागि निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | क्रियाकलाप तथा कार्यक्रमहरू | लाभान्वित क्षेत्र | लाभान्वित संख्या | परिमाण | इकाई | विनियोजित रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना अभिमुखीकरण ( पश्चिमाञ्चल क्षेत्रीय स्तरको) | अपाङ्गता भएका व्यक्तिहरू र सरोकारवालाहरु | १४६ | १ | पटक | ४०,१५०/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | नेपालको संविधान २०७२ मा पत्रिका मार्फत सुझाव पेश गरेको | संविधानमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार समेटिएको | | ५ | ५ | १०,०००/- |
| २ | नेपालको संविधान २०७२ मा अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी अन्तरक्रिया | अपाङ्गता भएका व्यक्तिहरू र सरोकारवालाहरु | ४७ | १ | पटक | २५,०००/- |
| ३ | उपचार सेवा लिन पठाउने | अपाङ्गता भएका व्यक्तिहरू | ५ | १ | जना | ९,८५०/- |
| ४ | बहिरा व्यक्तिहरुको लागि होटल तालिम | बहिरा व्यक्तिहरू | १० जना | १ | पटक | ७२,०००/- |
| ५ | अपाङ्गता भएका महिलाहरूको लागि कम्प्युटर तालिम | अपाङ्गता भएका महिलाहरू | ५ जना | १ | पटक | ३०,५००/- |
| ६ | अपाङ्गता भएका महिलाहरूको लागि एडभान्स ब्युटिसियन तालिम | अपाङ्गता भएका महिलाहरू | ३ जना | १ | पटक | ४१,५००/- |
| ७ | दृष्टिविहीन व्यक्तिहरुका लागि कम्प्युटर तालिम | दृष्टिविहिन व्यक्तिहरु | ७ जना | १ | पटक | ७२,०००/- |
| ८ | अपाङ्गता सबाल रेडियो कार्यक्रम | अपाङ्गता भएका व्यक्ति र परिवार | तनहुँ जिल्ला भर | ५२ | हप्ता | ७०,०००/- |
| ९ | अभिमुखिकरण कार्यक्रम(मस्तिष्क पक्षघात भएका बालबालिकाहरुका अभिभावकहरु) | मस्तिष्क पक्षघात भएका बालबालिकाहरु | ४० जना | २ | दिन | २५,५०० /- |
| १० | सहायक सामाग्री वितरण | अपाङ्गता भएका व्यक्तिहरु | तनहुँ जिल्ला भर | ५ | वटा | १३,५००/- |
| ११ | कार्यक्रमको अनुगमन | कार्यक्रम सञ्चालन गरिएको स्थलहरु | | | | १६,००० /- |
| | **जम्मा** | | | | | **४,२६,०००/-** |

मिति २०७३ साल जेठ २६ गते स्थानीय विकास अधिकारी बद्रि प्रसाद तिवारीको अध्यक्षतामा जिल्ला विकास समिति, तनहुँको बोर्ड बैठक बसी देहाय बमाजिमको निर्णय गरियो ।

**निर्णय नं. १**

जि.वि.स. अनुदानबाट यस अघि जि.वि.स. बोर्डको मिति २०७२/१०/४ गतेको निर्णय नं. ५ मा छुट्टाइएको म्याचिङ्ग फण्डलाई निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | शिर्षक | संशोधित रकम |
|---|---|---|
| १ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ५४ लाख |
| २ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना | ३२ लाख |
| ३ | सडक बोर्ड नेपाल | १८ लाख |
| ४ | झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम | ११ लाख |
| | **जम्मा** | **११५ लाख** |

**निर्णय नं. २**

***झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम म्याचिङ्ग फण्ड शिर्षकबाट*** स्वीकृत ल.इ. बमोजिमको काम सम्पन्न गर्नको निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. न. | योजनाको नाम र ठेगाना | स्वीकृत रकम (रु. ०००) | कैफियत |
|---|---|---|---|
| १ | सतिघाट र चाहजार बाँध झो.पु. मर्मत | ५०० | |
| २ | चुँदीखोला टुहुरेपसल झो.पु. मर्मत | ५०० | |
| | जम्मा | १००० | |

**निर्णय नं. ३**

देहाय बमोजिमका सडक मार्गहरुमा स्थानीय जनताहरुको आवागमनमा पर्न गएको असहजतालाई ध्यानमा राखी सडकहरुको तत्काल मर्मत सुधार गरि यातायात सूचारु गर्न ***स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम म्याचिङ्ग फण्ड शिर्षकबाट*** स्वीकृत ल.इ. बमोजिमको काम सम्पन्न गर्नको लागि आवश्यक पर्ने रकम मध्ये जि.वि.स.ले निम्न बमोजिमको रकम उपलब्ध गराउने र बाँकी काम स्थानीय उपभोक्ता समितिबाट गर्ने गरि रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि. न. | योजनाको नाम र ठेगाना | स्वीकृत रकम (रु. ०००) | कैफियत |
|---|---|---|---|
| १ | शालीग्राम करिडोर (देवघाट-कोटा खण्ड) मा थप रकम | २००० | |
| २ | दासढुङ्गा देवघाट सडक अन्तरगत भर्जन खोलामा निर्माणाधिन | ८०० | |

| | | | |
|---|---|---|---|
| | कल्भर्ट निर्माण | | |
| ३ | कालिका मार्ग छाब्दी खोला कल्भट निर्माण | २०० | |
| ४ | झापुटार काहुशिवपुर बजारक्षेत्र पक्की नाला निर्माण | १०० | |
| ५ | ताप्लुङ्गथान दलभञ्ज्याङ्ग मोटर मार्ग | १०० | |
| ६ | नाला घाँसीकुवा विष्णु मा.वि. जाने मोटर मार्ग | ७५ | |
| ७ | रुम्सी बेलडाँडा केशवटार मोटर मार्ग | १०० | |
| ८ | जनता मोटर मार्ग | २०० | |
| ९ | बन्दिपुर मुच्चुक रामकोट मोटर मार्ग | २०० | |
| १० | पोखरीभञ्ज्याङ्ग बगुवा बरभञ्ज्याङ्ग मोटर मार्ग | १०० | |
| ११ | हरियाली मोटर मार्ग, व्यास ३ र ९ | १०० | |
| १२ | तालघरे दुम्सीचौर पोखेलफाँट मोटर मार्ग | १२५ | |
| १३ | हिलेखर्क ढेडेगाँउ साराङ्गघाट मोटर मार्ग | १०० | |
| | जम्मा | ४२०० | |

**निर्णय नं. ४**

जिल्ला विकास समितिको मिति २०७२/९/२६ को निर्णय नं. २ को सि.नं. १ मा वेदव्यास जेष्ठ नागरिक आश्रम पूर्वाधार निर्माण, व्यास ८ लाई रु. १,०५,०००।- विनियोजन गरिएकोमा उक्त योजना संचालन हुन नसकेको हुँदा उक्त शिर्षकबाट जेष्ठ नागरिक मिलन केन्द, व्यास १० लाई माग बमोजिम टेलीभिजन तथा अन्य मेशीनरी सामान खरिदको लागि रु. ६०,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

मिति २०७३ साल जेठ ३२ गते स्थानीय विकास अधिकारी बद्रि प्रसाद तिवारीको अध्यक्षतामा जिल्ला विकास समिति, तनहुँको बोर्ड बैठक बसी देहाय बमाजिमको निर्णय गरियो ।

**निर्णय नं. १**

देहाय विभिन्न योजना निर्माण तथा मर्मतको लागि रकम माग भै आएकोले ***स्थानीय निकाय सशर्त अनुदान जि.वि.स. कोष पूजिंगत शिर्षकबाट*** स्वीकृत ल.इ. बमोजिमको काम सम्पन्न गर्नको लागि आवश्यक पर्ने रकम मध्ये जि.वि.स.ले निम्न बमोजिमको रकम सम्बन्धित गा.वि.स. र न.पा.लाई उपलब्ध गराउने र बाँकी काम स्थानीय उपभोक्ता समितिबाट गर्ने निर्णय गरियो ।

| सि. न. | योजनाको नाम र ठेगाना | स्वीकृत रकम (रु. ०००) | कैफियत |
|---|---|---|---|
| १ | पुर्कोट बाइसजाँगर पाण्डेगाँउ थानीथान मोटर मार्ग | १०० | |
| २ | बौद्ध सदन (उर्गेन धर्गेलिङ) व्यास १० | ५० | |
| ३ | थुप्तेन छोय ग्यालिङ गुम्बा, भानु ७ | ७५ | |
| ४ | कालिका आमा समुह, भवन निर्माण, केशवटार ९ | ७० | |
| ५ | एकता आमा समुह भवन निर्माण, भानु ८ | ४० | |
| | **जम्मा** | **३३५** | |

**निर्णय नं. २**

अरिदेवा नेवाः पुच, शुक्लागण्डकीको समाज भवन मर्मतको लागि रकम माग भै आएकोले ***अन्य संस्थालाई अनुदान जि.वि.स. कोष पूजिंगत शिर्षकबाट*** स्वीकृत ल.इ. बमोजिमको काम सम्पन्न गर्नको लागि आवश्यक पर्ने रकम मध्ये जि.वि.स.ले रु. ५५,०००।- शुक्लागण्डकी न.पालाई सशर्त अनुदानको रुपमा उपलब्ध गराउने र बाँकी काम स्थानीय उपभोक्ता समितिबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

चालु आ.व. २०७२/०७३ मा ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तरगत तालिम कार्यक्रमको लागि रु. १ लाख र सर्भेक्षण कार्यक्रमको लागि रु. १ लाख विनियोजन भएकोमा उक्त कार्यक्रमहरु चालु आ.व.मा कार्यान्वयन नगरिने भएकोले उक्त रकम मध्ये देउराली आप्रेपानी खानेपानी तथा सरसफाई योजना, घाँसीकुवालाई रु. १ लाख तथा भैंसीखर्क खा.पा. टङ्की निर्माण योजना जामुनेलाई रु. १ लाख सर्शत अनुदानको रुपमा गा.वि.स.मा उपलब्ध गराउने र बाँकी काम स्थानीय उपभोक्ता समितिबाट गर्ने निर्णय गरियो ।

मिति २०७३ साल आषाढ १३ गते स्थानीय विकास अधिकारी बद्रि प्रसाद तिवारीको अध्यक्षतामा जिल्ला विकास समिति, तनहुँको बोर्ड बैठक बसी देहाय बमाजिमको निर्णय गरियो ।

**निर्णय नं. १**

देहायका विभिन्न संघ/संस्थाहरुले कार्यक्रम संचालनका लागि रकम माग भै आएकोले ***जि.वि.स. अनुदान पर्व महोत्सव तथा कला संस्कृति विकास शर्षकबाट*** कार्यक्रम संचालनको लागि आवश्यक पर्ने रकम मध्ये जि.वि.स.ले निम्न बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि. न. | संस्था/कार्यक्रमको नाम | स्वीकृत रकम (रु. ०००) | कैफियत |
|---|---|---|---|
| १ | नेपाल लेखक संघ, कार्यक्रम संचालन | १० | |
| २ | भानु जन्मस्थल विकास समिति | १० | |
| ३ | राष्ट्रिय युवा महासंघ नेपाल, तनहुँ | ८ | |
| | **जम्मा** | **२८** | |

**निर्णय नं. २**

आ.व. २०७२/०७३ को लागि जिल्ला विकास समितिको कार्यालय, तनहुँको च.नं. ७४३ मिति ०७२/६/१३ राष्ट्रिय ग्रामीण यातायात सुदृढिकरण कार्यक्रमको बजेट उपशिर्षक नं ३६५८४२३ तर्फ खर्च शिर्षक नं २६३१२ (IDA) विनियोजित बजेटको बाँडफाँड र खर्च सम्बन्धी अख्तियारी अनुसार विनियोजित रकम रु. १४,३५,०००।- (चौध लाख पैंतिस हजार) मा प्राप्त थप अख्तियारी बमोजिम जि.वि.स. बोर्डको मिति २०७२/१२/२२ निर्णयानुसार संशोधित रु. २२,३५,०००।- (बाइस लाख पैंतिस हजार) मा प्राप्त रु. १,७०,०००।- को थप अख्तियारी बमोजिम तपसील बमोजिमको शिर्षकहरुमा खर्च गर्ने गरि रकम संशोधन गर्ने निर्णय गरियो ।

| खर्च शि. नं | खर्च शिर्षक | बाँडफाँड रकम रु. | कैफियत |
|---|---|---|---|
| २२१११ | पानी तथा बिजुली | ४५००० | |
| २२११२ | सञ्चार | १००००० | |
| २२२११ | इन्धन | २४०००० | |
| २२२१२ | मर्मत सम्भार | १८४३२७ | |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | ५९०४६२ | |
| २२४१२ | अन्य सेवा शुल्क | ७३८२११ | |
| २२६११ | अनुगमन तथा मुल्याङ्कन | ४०७००० | |
| २२७११ | विविध | १००००० | |
| | **जम्मा** | **२४०५०००** | |

मिति २०७३ साल आषाढ २१ गते स्थानीय विकास अधिकारी बद्रि प्रसाद तिवारीको अध्यक्षतामा जिल्ला विकास समिति, तनहुँको बोर्ड बैठक बसी देहाय बमाजिमको निर्णय गरियो ।

**निर्णय नं. १**

नेपाल सरकार (मा. उपप्रधान तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रीस्तर) को मिति २०७२/११/१८ को निर्णयानुसार जिल्ला विकास समिति बोर्डलाई प्रत्यायोजित अधिकार बमोजिम तपसील बमोजिमका नदीहरुको विभिन्न घाटबाट ढुङ्गा, गिटी, वालुवा जन्य पदार्थ उत्खननका लागि तयार गरिएको IEE प्रतिवेदन वातावरण संरक्षण ऐन तथा नियमावलीको अधिनमा रही स्वीकृत गर्ने निर्णय गरियो ।

**१. मस्याङ्गदी र त्रिसुली नदी**

| | |
|---|---|
| **नाम** | **मस्याङ्गदी, त्रिसुली नदी**<br>१) साखर बेनिघाट आवुखैरेनी ८<br>२) कुडुलेघाट आवुखैरेनी<br>३) नारीघाट आवुखैरेनी<br>४) मार्किचोक आवुखैरेनी<br>५) यम्पाफाट घाँट, वोहोरा चौतारे समेत बन्दिपुर ५ र ६<br>६) भानु आमवोटे थप सहित १ र २ भानु<br>७) वलिफाँट घाँट पुरकोट<br>८) वेनीवगर घाँट र पातलेघाट पुरकोट<br>९) देवघाट गाविस भित्र पर्ने घाट (त्रिशुली नदी) देवघाट २ |
| **स्थान** | आवुखैरेनी न.पा बन्दिपुर न.पा, भानु न.पा, पुरकोट र देवघाट गाविस |

**२. सेती नदी**

| | |
|---|---|
| **नाम** | **सेती नदी**<br>१) शुक्ला गण्डकी न.पा भित्र पर्ने<br>क) पुडीखोला, तालवेशी, क्याङ्गदीदोभान, किमलडाँडा, हलेदी, कशेरी १ नं. कशेरी २ नं. वडा नं. ७ र ८ ढुण्डुरे |
| **स्थान** | शुक्ला गण्डकी न.पा. दुलेगौंडा तनहुँ । |

**३. सेती नदी**

| | |
|---|---|
| **नाम** | **सेती नदी**<br>१) भिमाद गा.वि.स. सिस्नेरीघाट<br>२) छाङ्ग गा.वि.स. थाङ्गदी ३ नं. घाट, छाङ्गपाटन १, २ र ३ चोक्रेटार र जिमकोटघाट<br>३) जामुने किल्चोक घाट, चुलेसी घाट<br>४) ऋषिङ्ग रानीपोखरी ऋषिङ्गपाटन १, २ र ३ वाँदरेघाट, कुतियाघाट, कातिकेघाट |
| **स्थान** | शुक्ला गण्डकी न.पा., जामुने, कोटदरवार, ऋषिङ्गरानीपोखरी गाविस |

**निर्णय नं. २**

आ.व. २०७३/०७४ मा जिल्ला विकास समितिले आन्तरिक आय संकलन गर्नका लागि राजश्व ठेक्का नं. ३८ ढुङ्गा, गिट्टी, बालुवा, ईटा, माटो वा मिस्कट स्लेट, मार्बल जिल्ला निकासी कर उठाउने कार्यका लागि न्युनतम अङ्क २,१०,००,०००।- (दुई करोड दस लाख) निर्धारण गरि मिति २०७३/१/३० गते प्रकासित सूचना बमोजिम पर्न आएको शिलवन्दी बोलपत्रहरु मध्ये बाट मिति २०७३/३/२ गतेको मूल्याङ्कन समितिको सिफरिस बमोजिम श्री संगम कन्सट्रक्सन, व्यास न.पा. २, तनहुँले कबोल गरेको कबोल अङ्क रु. २,१५,००,०००।- (दुई करोड पन्ध्र लाख) मु. अ. कर बाहेकको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

जिल्ला परिषदबाट स्वीकृत जिल्ला विकास समिति, तनहुँको आ.व. २०७३/०७४ को आन्तरिक आय जिल्ला विकास समिति राजश्व परामर्श समितिको मिति २०७३/३/३ गतेको सिफारिस अनुसार देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

मिति २०७३ साल आषाढ २२ गते स्थानीय विकास अधिकारी बद्रि प्रसाद तिवारीको अध्यक्षतामा जिल्ला विकास समिति, तनहुँको बोर्ड बैठक बसी देहाय बमाजिमको निर्णय गरियो ।

**निर्णय नं. १**

जिल्ला विकास समिति, कोष तर्फ रिक्त रहेको वरिष्ठ अधिकृत (अधिकृतस्तर सातौं) पदमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम (कार्यक्षमता तथा जेष्ठताको मूल्याङ्कनद्धारा बढुवा गर्ने व्यवस्था अनुसार) पदपुर्ति समिति, जिल्ला विकास समिति तनहुँको मिति २०७३/२/१८ गतेको सिफारिस बमोजिम मिति २०७३/३/२२ गतेदेखि जेष्ठता कायम हुने गरि देहाय बमोजिम बढुवा नियुक्ति दिने निर्णय गरियो ।

| सि.नं. | बढुवा हुने कर्मचारीको नाम, थर | हालको पद, तह तथा स्वीकृत दरवन्दी | | बढुवा भएको पद, तह तथा स्वीकृत दरवन्दी | |
|---|---|---|---|---|---|
| | | पद, तह | स्वीकृत दरवन्दी | पद, तह | स्वीकृत दरवन्दी |
| १ | श्री सुनिल पाण्डे | लेखापरीक्षण अधिकारी (अधिकृत स्तर छैठौं) | प्रशासन अनुदान | वरिष्ठ अधिकृत (अधिकृत स्तर सातौं) | जिल्ला विकास समिति कोष |

मिति २०७३ साल आषाढ २४ गते स्थानीय विकास अधिकारी बद्रि प्रसाद तिवारीको अध्यक्षतामा जिल्ला विकास समिति, तनहुँको बोर्ड बैठक बसी देहाय बमाजिमको निर्णय गरियो ।

**निर्णय नं. १**

आ.व. २०७१/०७२ मा जिल्ला विकास समितिबाट गरिएको गाँउ विकास समितिहरुको सघन अनुगमनको क्रममा देखिएका सबल पक्षहरुलाई निरन्तरता दिदैं सुधार गर्नुपर्ने पक्षहरुलाई यथाशिघ्र सुधार गर्दै लैजाने र आगामी योजनाहरुलाई गुणस्तरीय बनाउने लगायतका थप सुझावहरुको कार्यान्वयन गर्न क्रियाशिल हुने साथै गा.वि.स.को सघन अनुगमनमा देखिएका समस्या र कमी कमजोरीलाई तत्काल सुधार गर्न सम्बन्धित गा.वि.स.लाई प्रतिवेदनको १ (एक) प्रति सहित सुधारात्मक उपायहरुको अवलम्बन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

जिल्ला विकास समितिको खरिद प्रणालीलाई व्यवस्थित गर्न तथा स्वीकृत कार्यक्रम कार्यतालिका बमोजिम कार्यान्वयन गर्नका लागि आ.व. ०७३/०७४ को वार्षिक खरिद योजना, २०७३ तथा वार्षिक कार्ययोजना, २०७३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

जिल्ला सुपरीवेक्षण तथा अनुगमन समितिद्धारा गठित अनुगमन उपसमितिबाट जिल्लामा जि.वि.स., विषयगत कार्यालय तथा गैर सरकारी संस्थाबाट सञ्चालित योजनाहरुको अनुगमन तथा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अन्तरगत जिल्ला विकास समितिबाट कार्यान्वयन गरिएका योजनाहरुको निर्देशिका बमोजिम गठित अनुगमन समितिबाट गरिएको अनुगमनको क्रममा देखिएका सबल पक्षहरुलाई निरन्तरता दिदैं सुधार गर्नुपर्ने पक्षहरुलाई यथाशिघ्र सुधार गर्दै लैजाने र आगामी योजनाहरुलाई गुणस्तरीय बनाउने लगायतका थप सुझावहरुको कार्यान्वयन गर्न क्रियाशिल हुने निर्णय गरियो ।

**निर्णय नं. ४**

चालु आ.व.मा सम्पन्न गरिएको जिल्ला विकास समिति, तनहुँको सामाजिक परीक्षण प्रतिवेदनबाट औल्याइएका विषयहरु तथा यस आ.व.को तेस्रो चौमासिक अन्तरगत २०७३/३/१६ गते जामुने, मनपाङ र छाङ गा.वि.स.को केन्द्रमा सम्पन्न गरिएको सार्वजनिक सुनुवाई कार्यक्रममा जि.वि.स., विषयगत कार्यालय तथा गैर सरकारी संस्थाबाट सञ्चालन गरिएको सेवा प्रवाह सम्बन्धमा प्राप्त सल्लाह, सुझाव र गुनासाहरु सम्बन्धमा छलफल गरि आगामी दिनमा त्यस्ता सुझाव तथा गुनासोलाई सम्बोधन गर्दै लैजाने निर्णय गरियो ।

मिति २०७३ साल आषाढ २६ गते स्थानीय विकास अधिकारी बद्रि प्रसाद तिवारीको अध्यक्षतामा जिल्ला विकास समिति, तनहुँको बोर्ड बैठक बसी देहाय बमाजिमको निर्णय गरियो ।

**निर्णय नं. १**

आ.व. २०७२/०७३ का लागि स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार कार्यक्रम अन्तरगत स्वीकृत मोटरेवल पुल निर्माण कार्यका लागि मिति २०७३/२/१४ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान भै बोलपत्र मुल्याङ्कन समितिको सिफारिस अनुसार तथा सो अनुसारको आशयको सूचना मिति २०७३/३/१७ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित गरिएकोमा तोकिएको म्याद भित्र कुनै पनि बोलपत्रदाताले निवेदन नगरेको हुँदा तपसील बमोजिमको बोलपत्र स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ को नियम ४८ को उपनियम घ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | कामको विवरण /ठेक्का नं. | सिफारिस गरिएको फर्म | कबोल अङ्क (मु.अ.कर सहित) रु. |
|---|---|---|---|
| १ | बुल्दीखोला पुल, (व्यास न.पा. १ र ११) निर्माण कार्य ठे.नं DDC/TAN/LRBP/14/2072/073 | श्री कन्काई/बिशाल एण्ड विराट जे.भी. बानेश्वर, काठमाण्डौं | २,५६,७९,४४६।५४ |